# सिक्किम नागरिक व्यवस्था १९७५ अनुसार सिक्किमेहरु पूर्ण रुपमा भारतीय नागरिक हुन्- लक्सम

**गान्तोक, १३ सेटेम्बर:** सिक्किम सब्जेक्ट सर्टिफिकेट, पर्चा खतियान, धुरी खजना रसीद र पुरानो ट्रेड लाइसेन्सधारक समितिका सभापति पी. टी. लक्समले केन्द्र सरकारद्वारा सिक्किमको नागरिक अधिकार विषय विभिन्न व्यवस्था जारी गरेका छन्। यस व्यवस्थालाई सिक्किम (नागरिक) व्यवस्था १९७५ भनिने गरेको पनि लक्समले जनाएका छन्। विगत २६ अप्रेल १९७५–साल अघि सिक्किम सब्जेक्ट रेगुलेशन १९६१ अवधिमा जो सिक्किम सब्जेक्टधारी थिए यस दिनदेखि ती व्यक्तिहरू पूर्ण रूपले भारतको नागरिक भएको पनि उनले थप जनाएका छन्।

यस्तो व्यस्था अनुसार सिक्किम सब्जेक्ट सर्टिफिकेट धारक, पर्चा खतियान धारक, धुरी खजना रसीद धारक र पुरानो ट्रेड लाइसेन्स धारक भारतीय नागरिक हुन स्थायी प्रवासी होइनन्, उनले भनेका छन्। सिक्किमे मूलका जनताले केन्द्र सरकारलाई सन्तोषप्रद व्यक्त गर्दछ किनभने सिक्किमे मूलका नेपाली, सिक्किमे मूलका भोटिया, सिक्किमे मूलका लेप्चा अनि अन्य सिक्किमे मूलका जातिहरूलाई भारतको नागरिक हक केन्द्र सरकारले दिलाई दिएका छन्, लक्समले विज्ञप्तिमा जनाएका छन्।

सो अधिकारलाई मध्य नजर राखेर अब सिक्किम सब्जेक्ट सर्टिफिकेट अमर रहोस, पर्चा खतियान जिन्दावाद, धुरी खजना रसीद जिन्दावाद, पुरानो ट्रेड लाइसेन्स जिन्दावादको नारा लिएर अघि बढेको बताउँदै सिक्किमे जनतालाई राजाले आफ्नो प्रजा बनाएर सिक्किमका सबै जातिलाई सिक्किम सब्जेक्ट सर्टिफिकेट दिलाएर भारतको नागरिक हुने हक केन्द्र सरकारले दिएको छन् भने आज हामी खाँटी भारतीय सिक्किमे भएका छन्, उनले स्पष्ट पारेका छन्।

अन्य देश र राज्यहरूका जनताले भारत सरकारद्वारा सिक्किमेलाई भारतीय सिक्किमेको छुट्टै हक दिलाई दिएकोमा उनीहरूले केन्द्र सरकारको कदर गरी दिन उनले आह्वान पनि गरेका छन्। भारत सरकारले सिक्किमेलाई अन्तहीन अधिकार दिएकाले सिक्किमे जनताले भारत सरकारलाई आभार व्यक्त गर्नै पर्छ भनी उनले बताएका छन्। यदि केन्द्र सरकारले सिक्किम सब्जेक्टलाई भारतको नागरिक घोषणा गरिदिएको भए आज हामी भारतमा अप्रवासी हुने थिएनौं। तर सिक्किम सब्जेक्ट रेगुलेशन १९६१–लाई केन्द्र सरकारले अनुमोदन गरे पछि आज हामी भारतीय सिक्किमे बन्न पाएका छौं भने हामी अप्रवासी होइनौं। हामीले हेर्‍यौं देख्यौं जात–जातको कुराले आउने भावी सन्तानको भविष्य सोचनीय छ, उनले विज्ञप्तिमा भनेका छन्। सिक्किम भारतीय सिक्किमेको हो भन्नुको तात्पर्य सिक्किम सब्जेक्ट सर्टिफिकेट पर्चा, खतियान, धुरी खजना रसीद र पुरानो ट्रेड लाइसेन्स हुनेहरू सिक्किमे हुन्। हामीले यो पनि सोच्नुपर्छ कि सिक्किममा राजाको पालादेखि बसि आएका गरीब जनता प्रायले कागज पत्रहरू जस्तै सिक्किम सब्जेक्ट सर्टिफिकेट बनाएनन्, कति सिधा सादा भएर पुस्तौंदेखि सिक्किममा सही बसी आएकाहरूले अहिले धोका मानी रहेका छन्। यस्ता सिधा सादाहरूलाई दया र माया गर्ने आफ्नो समितिको हुन्छ र भविष्यमा पनि हुने लक्समले प्रेस विज्ञप्तिमा स्पष्ट पारेका छन्।

# संग्राम परिषदले पञ्चायत चुनाउमा भाग नलिने

**गान्तोक, १३ सेटेम्बर:** सिक्किम संग्राम परिषद् पार्टीको एउटा उच्च स्तरीय सभा गान्तोकमा पार्टीकी अध्यक्ष दिल कुमारी भण्डारीको अध्यक्षतामा सम्पन्न भयो। सभामा केवल एकल विषय 'सिक्किममा पञ्चायत चुनाउ' लिएर बहस भयो। यसपछि सिक्किम संग्राम परिषद् पार्टीले सभामा निकालेको निष्कर्ष अनुसार स्व. नर बहादुर भण्डारीको भनाई अनुसार पञ्चायती व्यवस्थालाई राजनैतिक पार्टी प्रणालीबाट टाड़ा राखी निर्दलीय व्यवस्था पहिलाकै जस्तो कायम राख्ने भएको हुँदा आगामी पञ्चायत चुनाउमा पार्टीले कुनै पनि आसनमा उम्मेदवार नउठाउने निर्णय लियो।

यद्यपि, राम्रा र योग्य अनि समाज सेवामा लागि परेका निर्दलीय उम्मेदवारलाई आफ्नो बहुमूल्य मत दिने पार्टीले आग्रह गर्दै यसलाई समर्थन दिने पनि आह्वान गरेको छ। वर्तमान पञ्चायतलाई पार्टीगत राजनीतिकरण गरेकोले चुनाउका बेलामा र चुनाउ सकेपछि गाउँ घरमा वातावरण धमिलो भएको र तल्लो घर र माथ्लो घरको बोलचालसम्म बन्द भएकोले र विजय भएको पार्टीले कोल्टे दृष्टि राख्ने काम गरेको पनि संग्राम परिषद् पार्टीले जनाएको छ।

सिक्किम जस्तो सानो राज्यमा पञ्चायत र नगर निगम एवं नगर पञ्चायत समेतलाई निर्दलीय व्यवस्थामा राख्न जरूरी रहेको छ भने संग्राम परिषद्को अड़ान रहेको कार्यवाहक अध्यक्ष राजेन्द्र उप्रेतीले विज्ञप्तिमा जनाएका छन्। यसका साथै यस व्यवस्थालाई राजनीतिक पार्टीकरणदेखि टाड़ा राखि पहले झैं निर्दलीय राख्ने महामा गान्धीको पञ्चायती राजको सपना पुरा हुने र भारतमा एउटा उदाहरण हुने पनि पार्टीले जनाएको छ।

# मतदाता सूचिमा संसोधनमाथि कार्यक्रम



**मंगन, १३ सितम्बर:** मतदाता सूचीमा नयाँ मतदाताको नाम समावेश गरिनुपर्ने, मत्यु भएका अथवा एक व्यक्तिको नाम दोहोरिएको भए मेटाइनुपर्ने, भूल भएको विवरण सुधार्नुपर्ने तथा कतिपय मतदाता कार्ड स्थानान्तरन गरिनुपर्ने बारेमा आज ग्रामीण स्तरीय अधिकारीहरूका निम्ति मतदाता सूचिमाथि विशेष संशोधनको बारेमा एक कार्यक्रम आयोजना गरियो। यस विषयलाई लिएर २०१८–को १ जनवरीलाई योग्यता मितिको रूपमा मानिएको छ।

जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आयोजित कार्यक्रमको अध्यक्षता जिल्लापाल कर्मा आर बन्पोले गरेका थिए। यस अवसरमा चुनाउ विभाग, गान्तोकका संयुक्त निर्देशक टाशी छिरिङ भोटिया, मंगनका अतिरिक्त जिल्लापाल टीटी काल्योन, मंगन मुख्यालयका महकुमा अधिकारी पीडब्ल्यू लेप्चा, काबी महकुमाका महकुमा अधिकारी छिरिङ डेन्जोङपा एवं अन्यको उपस्थिति थियो। आफ्नो नाम दर्ता गर्न, हटाउन, विवरण संशोधन गर्न या मतदाता कार्ड स्थानान्तरणका निम्ति आवश्यक फारम खण्डस्तरीय कार्यालय, खण्ड प्रशासनिक केन्द्र, महकुमा कार्यालय, जिल्ला कार्यालय अथवा सिक्किमको चुनाउ विभागमा उपलब्ध हुनेछ। यस अवसरमा बोल्दै जिल्लापाल कर्मा आर बन्पोले पोलिङ स्टेशन परिवर्तन गर्न आवश्यक भए अवगत गराउन उपस्थित सबैसित आग्रह गरे। यसरी मतदाता जाँच गर्ने प्रक्रिया गरिनुको उद्देश्य फर्जी मानिसबाट सतर्क रहनु हो। यस जिल्लाका कतिपय स्थानको भ्रमण गर्दा पर्मिटको आवश्यकता हुने भएको कारण यस विषयलाई सबैले ध्यान दिन आवश्यक रहनेबारे पनि जिल्लापालले अवगत गराए।

जिल्लापालले भने, लाचेन, लाचुङ, चुङथाङ सिप्गेर आदि जस्ता विभिन्न प्रतिबन्धित स्थानमा आउने मानिसहरूका निम्ति केवल अस्थायी पर्मिट दिइन्छ। यी मानिसहरूको निम्ति मतदाता प्रमाणपत्र जारी गरिनु हुँदैन। यो गैर कानुन हो। यद्यपि, यहाँका खाँटी वासिन्दाहरूको भने मतदाता पत्र हुनु आवश्यक छ, जिल्लापालले भने।

१८–वर्ष पूगेका युवा एवं युवतीहरूको नाम मतदाता सूचिमा दर्ता गर्न साथै नक्कली अथवा दोहोरिएको नामलाई सच्याउनु यस प्रक्रियाको आर्को उद्देश्य हो, मुख्यालय गान्तोकका संयुक्त निर्देशक टाशी छिरिङ भोटियाले भने। उनले बताए अनुसार नयाँ मतदाता प्रमाणपत्र बनाउँदा अथवा पूरानो मतदाता पत्रमा भएको कालो फोटोलाई रंगिन बनाउँदा शुल्क लाग्दैन तर सूचिमा दर्ता भएर पनि भोटो नभएका मानिसहरूले भने रू. ५० तिर्नुपर्ने छ। उत्तर जिल्लामा हालसम्म लगभग २४५०० मतदाता रहेको जानकारी चुनाउ विभाग मंगनले दिएको छ। यसका साथै यहाँ कूल ४०–वटा पोलिङ स्टेशन रहेका छन् जसमा काबी–तिङ्दामा आठ, जङ्गुमा २१ अनि लाचेन–मंगन समष्टिमा ११ साथै सङ्घको १२–वटा रहेको छ।

# पश्चिममा भएको क्षतिको सहयोग राशि सरकारले दिनुपर्ने माग

**गान्तोक, १३ सेटेम्बर:** गत ११ अनि १२ सेटेम्बरको राति मुसलधारे वर्षाको कारण पश्चिम सिक्किम अन्तर्गत दरामदिन समष्टिको मुनिउ गाउँ, तारेभीरमा घर, जमीन, पशुप्राणी र अन्नबाली औ सम्पतिको व्यापक क्षति भएको जनाउँदै सिक्किम प्रदेश कंग्रेस कमिटीले सरकारसँग सहयोग पुऱ्याउनुपर्ने माग गरेको छ। यो दशैंको मुखमा यस प्रकारको भयानक क्षतिमाथि सरकारले केवल एक मुठी राहत मात्र नभएर समयोचित र न्यायोचित ढङ्गमा सहयोग राशि प्रदान गरी पीड़ित परिवारलाई कल्याण गर्नुपर्ने विषयमा प्रदेश कंग्रेसले राज्य सरकारलाई अनुरोध गरेको छ। आगामी दशैंलाई मध्य नजर राख्दै पैह्रो पीड़ितहरूलाई यथासम्भव सहयोग पुऱ्याउनका साथै पुनर्वासको निम्ति वैकल्पिक उपाय खोजी स्थायी रूपमा समाधान गर्नुपर्ने पनि पार्टीले सुझाउ राखेको छ। सिक्किमका सरकारी तथा गैर सरकारी संघ–संस्था र व्यक्ति विशेषहरूले पनि सो पीड़ितहरूलाई सहयोग पुऱ्याउन मानवताको नातामा हात बढ़ाउन सिक्किम प्रदेश कंग्रेस कमिटीले अपील गरेको छ।






























'हाम्रो प्रजाशक्ति'-का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ तादोङ, गान्तोक, सिक्किमबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113